# शंखरापुर नगरपालिका
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण प्रतिवेदन
## आर्थिक वर्ष २०८१/०८२

प्रतिवेदकः

प्रमुख महिला विकास अधिकृत श्री निर्जला अधिकारी चुँडाल

वरिष्ठ शाखा अधिकृत श्री सुभद्रा पुडासैनी

लेखा अधिकृत श्री गोविन्द प्रसाद अधिकारी

योजना अधिकृत श्री राममणि ढकाल

एम.आइ.एस अपरेटर श्री श्रीकृष्ण थापा

मितिः २०८२/०५/२९ गते आइतबार

## भाग -१

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणको अवधारणा

### १.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था उल्लेख भएको छ। संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरिएको छ। संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

संविधानको धारा १८ को समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने तथा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वर्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्थाका व्यक्ति, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारी आस्था वा यस्तै अन्य कुनै आधारमा विभेद नगर्ने व्यवस्था उल्लेख छ। साथै संविधानमा राज्यले सामाजिक सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, मधेशी, थारू, मुस्लिम, उत्पत्तिको आधारमा,अल्पसंख्यक सीमान्तकृत, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, असहाय, पछाडि पारिएका लगायत विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण र विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने सक्ने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसाथ गरिएको छ।

नेपालको संविधान २०७२, मानव अधिकार सम्बन्धी घोषणापत्र, महिला अधिकार सम्बन्धी घोषणापत्र, बालअधिकार र आदिवासी जनजाति सम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रहरु र यी क्षेत्रहरुमा कार्य गर्नको लागि गरिएका विभिन्न महासन्धीहरु र नेपालका अन्य ऐन, नियम र कानुनी व्वस्थाहरुलाई आधारमानि उक्त प्रावधानहरुलाई स्थानीय तहहरुमा कार्यान्वयनको अवस्थाको मापन गर्ने अभिप्रायले नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) तयार गरी स्थानीय तहहरुमा यसको कार्यान्वयनको लागि निर्देशन गरेको छ जस अनुसार यस शंखरापुर नगरपालिकाद्वारा लैससास परीक्षण गरिएको हो।

### १.२ लैससास परीक्षणको महत्व

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाल नेपालको लागि महत्वपूर्ण रहेको महसुस गरिएकोले लैससासको अवधारणा सबै स्थानीय तहहरुमा लागु गर्न प्रयास गरिएको छ। नेपाली समाजमा लैङ्गिक विभेदले महिला, पुरुष र अन्य लिंगको आधारमा सामाजिक विभेद देखिएको र फरक मूल्य मान्यताहरु व्याप्त भएको अवस्था छ। यस्तै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक आधारमा विभेदहरु महसुस गरिएको छ। यी विभेदहरुको विरुद्धमा नेपाल सरकारले संविधान तथा विभिन्न कानुनी व्यवस्था गरी लागु गरेको छ। कानुन

अनुसार यी विभेदहरु दण्डनीय छन् तैपनि समाजमा अझै यस्ता विभेदहरु भने रहिरहेको हामी पाउँछौं। यस कारण सरकारले लैङ्गिक तथा सामाजिक बहिष्करणको अन्त्यका लागि विभिन्न नीति लिएको हो।

स्थानीय तहहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई कार्यान्वयन गरी समतामूलक समाजको स्थापना गर्ने कार्यमा यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको महत्वपूर्ण भूमिका रहेको छ। स्थानीय तहहरुमा लैङ्गिक समता र सामाजिक समावेशीकरण प्रवर्द्धनका कार्यहरु के कति भएका छन् भन्ने कुराको निक्यौंल गर्ने कार्य यस परीक्षणबाट हुने भएकोले यो एक उपयुक्त विधिको रुपमा रहेको छ। यस विधिले विषेशतः स्थानीय तहहरुले नीति कानुन र योजना तर्जुमा गर्दा लैङ्गिक संवेदनशिलताको दृष्टिकोणले गरेको छ छैन अथवा योजनामा लैङ्गिकताका सवालहरुको अवस्था कस्तो रहेको छ ? स्थानीय तहहरुको संस्थागत संरचनामा लैससासको अवस्था कस्तो छ? जनशक्ति नियुक्ति र जनप्रतिनिधिको व्यवस्थामा लैससासको रणनीतिक प्रयोगको अभ्यास कस्तो छ र सहभागिता र निर्णय प्रक्रियामा के कसरी लैङ्गिक संवेदनशिलता अपनाइको छ?, सेवा प्रवाहको क्रममा लैससासको अवधारणालाई कसरी कार्यान्वयन गरिएको छ? स्थानीय तहको सेवा प्रवाहले महिला तथा विपन्न समुदायमा कस्तो प्रभाव परेको छ? सुशासनका अभ्यासहरुको अवस्था के छ? सुशासनमा लैससासको कार्यान्वयन कस्तो छ?यी कुराहरुको परीक्षण गरिने हुदाँ स्थानीय तहले नियमित लैससास परीक्षण गर्नु आवश्यक हुन्छ।

लैससास परीक्षणले स्थानीय तहहरुमा विगतका बर्षहरुमा कार्यालयबाट हुने सबैखाले सेवा प्रवाहमा लैससासको कार्यान्वयन अवस्थाको चित्रण गर्नुका साथै उक्त क्षेत्रको सबल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतिहरुको पहिचान हुने भएकोले आगामी दिनहरुमा के कस्ता पहलहरु गर्ने भन्ने बारेमा नीति, योजना, कार्यक्रमहरु तयार गर्न सहज हुनेछ। स्थानीय तहका नीति, कानुन तथा योजनाहरु, संस्थागत संरचना, जनशक्ति व्यवस्था र क्षमता विकास, सेवा प्रवाह, सुशासनका क्रियाकलापहरुमा लैङ्गिक उत्तरदायी तथा समावेशी दृष्टिकोणको कार्यान्वयन गरी समतामूलक समाजको निर्माणको अपेक्षा गरिएको छ।

### १.३ लैससास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरु

नेपालको संविधान २०७२ र सम्बन्धित ऐन, नियम, कार्यविधिहरु र नेपाल पक्ष भई हस्ताक्षर भएका अन्तर्राष्ट्रिय घोषणाहरु र महासन्धीहरु जस्तै मानव अधिकार सम्बन्धी घोषणापत्र, बेईजिङ् घोषणापत्र १९९६, बालअधिकार सम्बन्धी महासन्धी १९८९, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजना आदिको कार्यान्यिनको बाध्यात्मक व्यवस्थाहरु रहेका छन्।

नेपालको संविधान २०७२ ले नागरिकहरुको आधारभूत अधिकारहरुलाई सूनिश्चित गर्ने व्यवस्था गरेको छ। संविधानको धारा १८ मा समानताको हकको व्यवस्था भएको छ जसले प्रत्येक व्यक्तिलाई समान कानुनी हैसियतको अधिकारको सुनिश्चित गरेको छ। सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित नगरिने तथा सामन्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, बर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैबाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था गरेको छ। सामाजिक वा साँस्कृतिक दृष्टिले पिछाडिएका

महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भ अवस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र वा आर्थिक रुपमा विपन्न खस आर्य लगायतका नागरिकहरुको संरक्षण सशक्तिकरण वा विकासको निम्ति विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ।

संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ जसले प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हकको सुनिश्चित गरेको छ। प्रत्येक महिला सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार सम्पन्न बनाएको छ। महिलालाई धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न पाईने छैन। यी कार्यहरु कानुन बमोजिम दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने अधिकारको व्यवस्था छ। राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा सहभागी हुने अधिकार सुनिश्चित भएको छ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकको व्यवस्था भएको छ। साथै सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हक जस्ता व्यवस्थाहरु विशेषतः लैससास संवेदनशिल रहेका छन् । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था रहेको छ। त्यस्तै वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने विभिन्न समुदाय बीचमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बाल बिवाह, बहुबिवाह, लैङ्गिक हिंसा, छुवाछुत, दाईजो, हलिया प्रथा, छाउपडी कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, जस्ता समाजिक कुरीति, र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ। साथै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वियन गर्दा महिला तथा पिछडिएका वर्गको सहभागिता गराउने र योजना छनौटमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट गर्ने साथै यस्ता विषयहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन र कार्यान्वियनमा जोड दिएकोछ।

### १.४ लैससास परीक्षणका उद्देश्यहरु

स्थानीय तहहरुमा लैससास परीक्षण गर्नुको मुख्य उद्देश्य स्थानीय तहहरुमा लैङ्गिकताका आधारमा गरिने वा हुने गरेका विभेदहरुको अन्त्य गरी राज्यले उपलब्ध गराउने सेवा सुविधा र संरक्षणमा सबैको समान पहुँचको अवस्थालाई परीक्षण गरी सबैको लागि उपयुक्त नीति, कार्यक्रम, बजेट लागु गर्ने कार्यमा सुझावहरु उपलब्ध गराउने हो।

विशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

क) लैससास परीक्षण मार्फत् स्थानीय तहको नीति, कानुन, संस्थागत संरचना, जनशक्ति र क्षमता विकास कार्य, योजना तर्जुमा र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा पिछडिएका व्यक्ति र समुदायहरुको मूलप्रवाहिकरण र सशक्तिकरणको अवस्था मापन गर्ने।

ख) स्थानीय तहको समग्र क्रियाकलापहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवस्था मापन गरी सबल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतिहरुको पहिचान गर्ने।

ग) सुधार गर्नु पर्ने पक्षहरुको पहिचान पश्चात् सो को कार्यान्वयनको लागि कार्ययोजना तयार गर्ने।
घ) स्थानीय तहले सम्पादन गर्ने सबै क्रियाकलापहरुमा लैससास संवेदनशितालाई संस्थागत गर्दै लैजान आधारहरु प्रस्तुत गर्ने

## भाग - २
## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका विधि

### २.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरु

सङ्घीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय शासन कार्यसम्पादन प्रणालीको उपक्षेत्र बुँदा नं २.५ सामाजिक समावेशीकरण र संरक्षणमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण **(GESI)** परीक्षण गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने प्रावधान रहेकोले स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) अनुसार लैससास परीक्षणमा स्थानीय तहहरुको नीति, कानुन र योजना तर्जुमा प्रक्रिया देखि संस्थागत व्यवस्था,जनशक्ति र सेवा प्रवाहसम्मका पाँचबटा मूल विषयवस्तुहरु तोकिएको छ। यस कार्यविधि अनुसार गाउँपालिका तथा नगरपालिकाहरुले आफ्नो स्थानीय तहको लैससास परीक्षणमा देहायका पाँच मुल विषयहरु वा क्षेत्रहरु समेटेर गर्नु पर्दछः

क) नीति कानुन र योजना

ख) संस्थागत व्यवस्था

ग) मानव संसाधन र क्षमता विकास

घ) सेवा प्रवाह

ङ) सुशासन तथा उत्तरदायित्व

### २.२ लैससास परीक्षणको विधि र तरिका

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) अनुसार स्थानीय तहहरुको लैससास परीक्षण हरेक आर्थिक वर्षमा नियमित रुपमा गर्ने र सोही अनुसार स्थानीय तहको नीति योजना तथा बजेट तर्जुमाको चरणदेखि नै लैससास मुलप्रवाहिकरण गर्नु पर्ने छ। यो परीक्षण सहभागितामूलक र केही अंश लेखापरीक्षण तथा अनुसन्धानमूलक विधिबाट सम्पादन गरिएको छ।

यस नगरपालिकाको लैससास परीक्षणको लागि प्रमुख महिला विकास अधिकृत श्री निर्जला अधिकारी चुँडालको संयोजकत्वमा ५ सदस्यीय तपसिल बमोजिमको कार्यदल गठन गरेको थियो। सोही कार्यदलको नेतृत्वमा लैससास परीक्षण सम्पन्न भयो। यस कार्यदल अन्तर्गत ५ विषयगत लैससास परीक्षण कार्य-समुहहरु तयार गरियो। यी कार्य-समुहहरुमा नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु कार्यपालिकाका सदस्यहरु तथा कर्मचारीको संलग्नता रहेको थियो। जसमा महिला र पुरुषहरुको सहभागितालाई पनि उपलब्ध भएसम्म समावेशी बनाईएको थियो।

तपसिलः

प्रमुख महिला विकास अधिकृत श्री निर्जला अधिकारी चुँडाल — संयोजक

वरिष्ठ शाखा अधिकृत श्री सुभद्रा पुडासैनी —सदस्य

लेखा अधिकृत श्री गोविन्द प्रसाद अधिकारी — सदस्य

योजना अधिकृत श्री राममणि ढकाल — सदस्य

एम.आइ.एस.अपरेटर श्री श्रीकृष्ण थापा - सदस्य

२.२.१ दस्तावेज समीक्षा

लैससास परीक्षणको लागि हालसम्म यस नगरपालिकाले तयार गरेका विभिन्न दस्तावेजहरु जस्तैः स्थानीय नीति, ऐन, निर्देशिका, वार्षिक योजना तथा बजेट, वार्षिक प्रतिवेदनहरु, आर्थिक प्रतिवेदनहरु, चौमासिक र वार्षिक समिक्षा प्रतिवेदन, नगर प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरु आदिको लैससासको दृष्टिबाट विश्लेषण र पुनरावलोकन गरी प्रारम्भिक टिपोट तयार गरिएको थियो। पुनरावलोकन गरिएका दस्तावेजहरु यस प्रकार रहेका छनः

• आवधिक विकास योजना
• वार्षिक योजना चालु वा गत आ व को• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति
• **LISA** को प्रतिवेदन - गत आ व को
· नगरपालिकाको न्याय सम्पादन कार्यविधि, २०७४
· वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण ऐन, २०७७
• विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७६
· शंखरापुर नगरपालिकाको शिक्षा ऐन, २०७९
· शंखरापुर नगरपालिकाको कृषि तथा पशुपन्छी एकीकृत ऐन, २०७९
• आर्थिक ऐन, २०८१, र विनियोजन ऐन, २०८१
• मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति गठन तथा व्यवस्थापन कार्यविधी, २०७७ र बाल संरक्षण आर्थिक राहत सहयोग कार्यविधि २०७८
• लैङ्गिक हिंसा व्यवस्थापन कार्यविधि २०७८
• अपाङ्गता/असहायसँग उपमेयर कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
• ओछ्यान लागेका ज्येष्ठ नागरिकहरुलाई राहत सहयोग सञ्चालन सम्बन्धी मापदण्ड-२०७८
• मनोविमर्शसेवा केन्द्र सञ्चालन कार्यविधि, २०७६
• अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५

लैससास परीक्षण कार्यशालाका सहभागीहरु

नगरपालिकाको लैससास परीक्षण कार्यमा देहायका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरु सहभागी भएका थिए।

तालिका १ः स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू

| क.सं. | सहभागीहरू |
|---|---|
| १. | नगपालिका प्रमुख |
| २. | नगरपालिका उप प्रमुख |
| ३. | प्रमुख प्रशासकीय अधिकृत |
| ४. | वडा अध्यक्षहरु |
| ५. | कार्यपालिकाका महिला सदस्यहरु |
| ६. | नगरपालिका दलित, अल्पसंख्यक र जनजाति जनप्रतिनिधिहरु |
| ७. | नगरपालिकाका विषयगत शाखाका कर्मचारीहरु |

नोटः लैससास परीक्षणमा भएका सहभागीहरु अनुसूचीमा संलग्न गरिएको छ।

परीक्षणका लागि सञ्चालन गरिएको छलफल विधि

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) अनुसार पाँच मूल विषयहरु अन्तर्गत भिन्न २२ वटा सूचक समावेश गरिएको छ भने यसभित्र १०० वटा कार्यगत उपसूचकहरु रहेको छन्। यिनै सूचक तथा उपसूचकहरुको दायरामा रही लैससास परीक्षण सञ्चालन गरिएको हो।

छलफलमा पहिलो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणा, संविधान, राष्ट्रिय नीति तथा अन्य प्रावधानहरु, लैससास परीक्षण सम्बन्धी व्यवस्था आदिमा अभिमूखिकरण गरियो। कार्याशालामा पाँचवटा मूल बिषयहरुको आधारमा ५ वटा लैससास विषयगत परीक्षण कार्य-समुह गठन गरियो। यी लैससास विषयगत परीक्षण कार्य-समुहहरुले विषयगतरुपमा सूचक र उपसूचकहरुमाथि छलफल गरी नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमादेखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभ्यास र प्रभावसम्मको अवस्थालाई विश्लेशण गरी अङ्क दिने कार्य गरियो। लैससास सुचक तथा उपसुचकहरूमा सहभागितात्मक छलफल गरी राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० अङ्कहरू दिईयो।

यसरी दिईएको अङ्कलाई प्रथम मस्यौदाको रुपमा लिई परीक्षणको दोश्रो चरणमा परीक्षण कार्य-समुहले नगरपालिकाको सम्बन्धित शाखाहरुमा सम्बन्धित दस्तावेजहरुको पुनः अवलोकन वा परीक्षण गरेका थिए । उक्त समुहहरुले आफ्नो विषय क्षेत्रमा रहेका सबल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतिहरुको पनि खोजी गरेको थिए।

परीक्षणको तेस्रो चरणमा नगरपालिकाका सबै जनप्रतिनिधि तथा कर्मचारीहरुको सहभागीतामा परीक्षणको क्रममा प्राप्त भएको अङ्कहरु माथि पूनः छलफल र मूल्याङ्कन गरिएको थियो। त्यस पश्चात समुहगतरुपमा सबै कार्य समुहहरुले परीक्षण गरेको नतिजाहरु प्रस्तुत गरिएको थियो। यिनै अङ्कहरुको आधारमा माकुरेजालोको विधिबाट नगरपालिकामा रहेको लैससास कार्यान्वयनको स्थिति प्रस्तुत गरिएको थियो। सबल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतिहरु समेत प्रस्तुत गरिएको थियो।

लैससास परीक्षणका विषयक्षेत्रहरु र अङ्कभार

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) को अनुसार कुल परीक्षण अङ्कभार १०० र तोकिएका ५ मूल बिषयक्षेत्रलाई हरेकको २० पूर्णाङ्क कायम गरिएको छ। जसभित्र २२ वटा सहायक बिषयहरु र अङ्कभारहरु देहाय अनुसार प्रस्तुत गरिएको छः

तालिका २: लैससास परीक्षणका मूख्य तथा सहायक विषय क्षेत्रहरु

| क सं | मूख्य तथा सहायक बिषय क्षेत्रहरु | अङ्कभार |
|---|---|---|
| क | नीति, कानुन र योजना | |
| १ | नीति कानुन र योजनामा समावेशी सहभागिता | ८ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ |
| | जम्मा | २० |

| | | |
|---|---|---|
| ख | संस्थागत व्यवस्था | |
| १ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ |
| २ | कार्यप्रणाली समावेशी | ४ |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ४ |
| ५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ |
| | जम्मा | २० |
| ग | मानव संसाधन तथा क्षमता विकास | |
| १ | मानव संसाधन तथा क्षमता विकास | ८ |
| २ | अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धी जनचेतना | ४ |
| ३ | कानुनी साक्षरता | ४ |
| ४ | विपद व्यवस्थापनमा समावेशीकरण | ४ |
| | जम्मा | २० |
| घ | सेवा प्रवाह | |
| १ | पूर्वाधार विकास | ४ |
| २ | प्रजनन स्वास्थ्य | ४ |
| ३ | शिक्षा कार्यक्रम | ४ |
| ४ | खानेपानी तथा सरसफाई | ४ |
| ५ | स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन | ४ |
| | जम्मा | २० |
| ङ | सुशासन तथा उत्तरदायित्व | |
| १ | सुशासन | ४ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ |
| ३ | सूचना तथा सञ्चार | ४ |
| ४ | अनुगमन र मूल्याङ्कन | ४ |
| ५ | समन्वय र सम्बन्ध बिस्तार | ४ |
| | जम्मा | २० |
| | कुल जम्मा | १०० |

माथि उल्लेखित सहायक विषयहरुमा जम्मा १०० वटा सूचकहरु तोकिएका छन्। हरेक सूचकको पूर्णाङ्क १ हो। यसमा सहभागीहरुसँगको संलग्नतामा सम्बन्धित सूचकको प्रमाणहरुको आधारमा अङ्क प्रदान गरिएको हो। यसमा राम्रो देखिएमा १, मध्यम या आंशिक कार्य भएको देखिएमा ०.५ र न्यून कार्य भएको वा नभएको अवस्था भएमा ० अङ्क प्रदान गरिएको छ।

सबल, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौति बिश्लेषण (**SWOT Analysis**)

परीक्षणको नतिजालाई माकुरेजालोमा प्रस्तुत पश्चात लैससासको विषयक्षेत्रहरु मध्ये बढी अङ्क प्राप्त गर्ने क्षेत्रमा सबल अवस्था देखिन्छ र त्यस क्षेत्रमा बढी सूचकहरुमा काम भएको प्रष्ट हुन्छ। साथै कम अङ्क प्राप्त गरेका क्षेत्रहरुमा कमजोर पक्षहरु वा सुधार गर्नु पर्ने क्षेत्रहरु पहिचान हुन्छ। सूचक र उपसूचकहरुको बिश्लेषण गरी सबल र सुधार गर्नु पर्ने पक्षहरु पहिचान गर्ने कार्य भएको छ।

अवसर र चुनौतिहरुको हकमा परीक्षणका विषय क्षेत्रहरुको आधारमा नगरपालिकामा भएको अवसरहरु र चुनौतिहरुको बारेमा समुहगत सुझाव संकलन गरेका तथ्यहरुलाई प्रस्तुतिकरण र छलफल गरिएको थियो जसमा सहभागीहरुको आवश्यक सुझावहरु प्राप्त भएको थियो।

कार्ययोजना तयारी

लैससास परीक्षणको क्रममा विषयगत परीक्षण गर्दा सो विषयक्षेत्र भित्र रहेका सबल र सुधार गर्नुपर्ने पक्षहरुको पहिचान गरी नगरपालिकाको हालको अवसर र चुनौतिहरुलाई मध्यनजर गरी सम्बन्धित विषय क्षेत्रमा आगामी दिनहरुमा के गर्न सकिन्छ भनि कार्ययोजना समेत तयार गरेको थियो।

भाग-३

# लैससास परीक्षणबाट आएका मुख्य प्राप्तिहरु

## ३.१ लैससास परीक्षणबाट प्राप्ताङ्कहरुको प्रस्तुतिकरण

यस नगरपालिकाको स्थानीय नीति, ऐन, निर्देशिका र विभिन्न नीतिगत निर्णयहरु, वार्षिक कार्यक्रम तथा बजेट, कार्यान्वयनका पक्षहरु समेतलाई लैससासको दृष्टिले सहभागितामूलक परीक्षण गर्दा देहाय अनुसारको नतिजा प्राप्त भएको छः


तालिका ३: लैससास परीक्षणमा प्राप्त अङ्कहरुको विवरण

| क सं | मूख्य तथा सहायक बिषय क्षेत्रहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| क | नीति, कानुन र योजना | | |
| १ | नीति कानुन र योजनामा समावेशी सहभागिता | ८ | ७.५ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ५.५ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ३.५ |
| | जम्मा | २० | १६.५ |
| ख | संस्थागत व्यवस्था | | |
| १ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ | ३.५ |
| २ | कार्यप्रणाली समावेशी | ४ | ४ |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ३ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ४ | ४ |
| ५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | ४ |
| | जम्मा | २० | १८.५ |
| ग | मानव संसाधन तथा क्षमता विकास | | |
| १ | मानव संसाधन तथा क्षमता विकास | ८ | ८ |
| २ | अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धी जनचेतना | ४ | ३.५ |
| ३ | कानुनी साक्षरता | ४ | ३.५ |
| ४ | विपद व्यवस्थापनमा समावेशीकरण | ४ | २.५ |
| | जम्मा | २० | १७.५ |
| घ | सेवा प्रवाह | | |
| १ | पूर्वाधार विकास | ४ | २ |
| २ | प्रजनन स्वास्थ्य | ४ | ४ |

| | | | |
|---|---|---|---|
| ३ | शिक्षा कार्यक्रम | ४ | ४ |
| ४ | खानेपानी तथा सरसफाई | ४ | ४ |
| ५ | स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन | ४ | ३.५ |
| | जम्मा | २० | १७.५ |
| ङ | सुशासन तथा उत्तरदायित्व | | |
| १ | सुशासन | ४ | ३.५ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ४ |
| ३ | सूचना तथा सञ्चार | ४ | ३ |
| ४ | अनुगमन र मूल्याङ्कन | ४ | २.५ |
| ५ | समन्वय र सम्बन्ध बिस्तार | ४ | ३.५ |
| | जम्मा | २० | १६.५ |
| | कुल जम्मा | १०० | ८६.५ |

३.२ लैससास परीक्षण नतिजाको माकुरेजालोमा प्रस्तुति

यस नगरपालिकाको लैससास परीक्षणको क्रममा मापन गरिएको सूचकहरुलाई माकुरे जालोमा राख्दा देहाय अनुसार रहेको छः


लैससास परीक्षणको नतिजा
पूर्णाङ्क
प्रासाङ्क
नीति, कानुन र योजना
संस्थागत व्यवस्था
मानव संसाधन तथा क्षमता बिकास
सेवा प्रवाह
सुशासन तथा उत्तरदायित्व
२०
१८
१६
१४
१२
१०
८
६
४
२
०

३.३ लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु

यस नगरपालिकाको लैससास कार्यान्वयनको अवस्थालाई निर्देशिकाले तोकेका २२ वटा सूचकहरु जस अन्तर्गतका १०० वटा उपसूचकहरुमा आधारित रही परीक्षण गरिएको थियो। नगरपालिकामा लैससास कार्यान्वयनमा भएको कुरालाई प्रमाणहरुको आधारमा तीन किसिमको अवस्थामा विभाजन गरिएको छ। राम्रो अवस्था भएमा 'सबल' आंशिक कार्य भएको भएमा 'आंशिक' र कमजोर अवस्था भएमा 'कमजोर' भनी वर्गिकरण गरिएको छ जसबाट सबललाई निरन्तरता दिने, आंशिक र कमजोर रहेका सूचक उपसूचकहरुमा नीतिगत र कार्यगत सुधारका गरि कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिकाको रहने छ। यस नगरपालिकाको लैससास परीक्षणको विषय क्षेत्रहरुका सूचक तथा उपसूचकहरुको अवस्थार सुधार गर्नु पर्ने पक्षहरु देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५: लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु

| क सं | अवस्था | प्रासाङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| १ | नीति कानुन र योजना | | | |
| १.१ | नीति कानुन र योजनामा समावेशी सहभागिता | | | |
| १.१.१ | नगरपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण भएको । पूर्व दस्तावेजको समिक्षा गर्दा लैससास दृष्टिकोणले मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी नै पाईएको । | सबल १ | नगरपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण गर्ने र परिचालन गर्न निरन्तरता दिनुपर्ने । | कार्यटोली गठनको निर्णय मस्यौदा नीति तथा कार्यक्रम |
| १.१.२ | नगरपालिकाले आफ्नो नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्ने कार्य गरेको । | सबल १ | नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयूक्त भए नभएको बारे लेखाजोखा गर्न निरन्तरता दिनुपर्ने। | नीति कानून कार्यपालिका एजेण्डा र निर्णय |
| १.१.३ | नगरपालिकाको नीति र योजनामा लैससास विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी बिषयहरु समावेश भएको । | सबल १ | यस कार्यलाई बढाउँनु पर्ने । महिला बालबालिका शाखाबाट भएको कममा भने बढि समावेश भएको पाईयो । | स्थानीय कानुन, नीति<br>आवधिक र वार्षिक योजना सम्बन्धी दस्तावेजहरू<br>स्थानीय राजपत्र |

| क्र सं | अवस्था | प्राप्ताङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| १.१.४ | नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा लैंगिक समानता तथा सामाजिक समावेशीकरण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी नीतिगत व्यवस्था गरिएको । | सबल १ | यस कार्यलाई निरन्तरता दिने । | जेसी पोलिसी |
| १.१.५ | नगरपालिकाको ऐन नियम तथा कार्यविधिमा महिला तथा लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न अधिकांश प्रावधान रहेको । | सबल १ | नगरपालिकाको ऐन नियम तथा कार्यविधिमा महिला तथा लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरु रोक्न बनेका प्रावधानहरुको समिक्षा गरी थप गर्नु पर्ने । महिला बालबालिका शाखाबाट भएको कममा मात्र समावेश भएको पाईयो । | आर्थिक ऐन<br>विनियोजन ऐन<br>उपभोक्ता गठन सम्बन्धी कार्यविधि<br>नगर प्रहरी ऐन<br>शिक्षा ऐन<br>प्रसुति अवधिमा शिक्षण सहजिकरण<br>नागरिक स्वास्थ्य बिमा ऐन<br>टोल विकास संस्था कार्यविधि |
| १.१.६ | स्थानीय न्यायीक समितिद्वारा स्थानीय स्तरमा महिला तथा लक्षित वर्गमाथि हुने हिंसा र विभेद उपर सुनुवाई न्यायिक समिति सञ्चालन कार्यविधि ऐन, २०७४ बमोजिम हुने गरेको । | सबल १ | कार्य योजना बनाइ थप व्यवस्थित गर्नु पर्ने । | न्यायिक समिति सञ्चालन कार्यविधि ऐन, २०७४ |
| १.१.७ | नगरपालिकामा विभेद नभएको । महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने स्थानीय नीति लागु भएको । | आंशिक ०.५ | नीति लागु गरि यसको सुनिश्चित गर्ने | श्रम नीति बनाउनुपर्ने |
| १.१.८ | यस्तो समस्या यस नगरपालिकामा नभएको । | सबल १ | नीति लागु गरि यसको सुनिश्चित गर्ने | श्रम नीति बनाउनुपर्ने |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | | | |
| १.२.१ | नगर बृहत योजना र वार्षिक नीति कार्यक्रम तथा बजेटहरुमा लैंगिक तथा समावेशी विकासका लागि रणनीतिक | सबल १ | निरन्तरता दिनु पर्ने। | **GRB CODING** |

| क्र सं | अवस्था | प्राप्ताङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| | कार्यक्रमहरु र मापनयोग्य उपलब्धीहरु समावेश गरेको । | | | |
| १.२.२ | लैससास विकासको क्षेत्रमा केही कार्यक्रम तथा बजेट बिनियोजन र कार्यान्वयन भएको । उक्त समितिले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा बजेट व्यवस्था भएको तर बजेटको निस्चित प्रतिशत बिनियोजन गर्ने व्यवस्था नभएको । | आंशिक ०.५ | नगरपालिकाले बजेट सिमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था बिश्लेषणको आधारमा बजेटको निश्चित प्रतिशत बिनियोजन गर्ने व्यवस्था गर्नु पर्ने । लैंगिक उत्तरदायी कार्यक्रम र बजेट सबै विषयगत कार्यक्रमहरुमा अनिर्वाय गर्नु पर्ने । | वार्षिक बजेट तथा विकास कार्यक्रम<br><br>महिला तथा लक्षित समूहको अवस्था विश्लेषण प्रतिवेदन /प्रोफाईल, |
| १.२.३ | योजना तर्जुमाको क्रममा बस्ती स्तरीय भेलाहरु भएको । सबै बस्तीहरुमा टोल विकास संस्था स्थापना गरी योजना तर्जुमा कार्यान्वयनमा सक्रीय गराईएको । वडास्तरको योजना गोष्ठीबाट योजनाहरु नगरपालिकामा संकलन हुने गरेको । | सबल १ | योजना तर्जुमा प्रक्रियामा बस्ती स्तरीय भेलाबाट योजना संकलन गर्ने नीतिगत व्यवस्था र कार्यान्वयन नियमित गर्नु पर्ने । | बस्तीस्तर योजना छनौटको माइनुट<br>नगर बाल संजाल योजना छनौट सम्बन्धी माइनुट |
| १.२.४ | वडा स्तर र विषयगत समितिमा यस विषयमा समग्रमा छलफल भएको । महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छुट्टै छलफल गर्ने कार्य नभएको । | आंशिक ०.५ | लैंगिक तथा सामाजिक समावेशीकरणको बिषयमा सचेतिकरण गरी व्यवहारिक र रणनीतिक आवश्यकता पहिचानको साथै योजना तयार गर्नु पर्ने । | बैठक निर्णय पुस्तिका,<br><br>बजेट तर्जुमा मार्गदर्शन<br><br>बैठक पुस्तिका,<br><br>स्वीकृत वार्षिक कार्यक्रम |

| क्र सं | अवस्था | प्राप्ताङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| १.२.५ | तथ्याङ्कको आधारमा छुट्टै विश्लेषण गरी कार्यक्रम तयार भएको । | आंशिक ०.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरुको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्नु पर्ने । | महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था देखिने अवस्था विश्लेषण प्रतिवेदन<br><br>आवश्यकत पहिचान प्रतिवेदन ।<br><br>वार्षिक विकास कार्यक्रम |
| १.२.६ | दिगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्रास गर्ने कार्यलाई सहयोगी कार्यक्रमहरु भएको तर नीतिगत रुपमा लक्ष्य ५ को स्थानीयकरण गर्ने कार्य नभएको । | आंशिक ०.५ | दिगो विकास लक्ष्य ५ स्थानीयकरणको नीतिगत निर्णय र कार्यान्वयन गर्नु पर्ने । | दीगो विकासका लक्ष्यहरू स्थानीयकरण गरेको दस्तावेज (नीति, योजना तथा वार्षिक विकास कार्यक्रम) |
| १.२.७ | महिला, बालबालिका तथा पछाडि पारिएका वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुगेको । | आंशिक ०.५ | स्थानीय तहको योजना महिला, बालबालिका तथा पछाडि पारिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुगे नपुगेको कुराको नियमित अनुगमन गर्ने र नभएमा यसको सुनिश्चितताको लागि रणनीति तयार गर्नु पर्ने । | नीति कार्यक्रम |
| १.२.८ | आ व २०८१/८२ मा उपभोक्ता समितिहरुमा महिला तथा लक्षित समुहको प्रतिनिधित्व सहित ४० प्रतिशत भन्दा माथि सहभागिता भएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको । | सबल १ | | उपभोक्ता समितिको अभिलेख |
| १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | | | |
| १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा पहिले लक्षित वर्गका समुहहरुसँग छलफल गरी समस्याहरु केलाउँने र | सबल १ | लक्षित वर्गका समुहहरुसँग प्रत्यक्ष छलफल गरी समस्याहरु केलाइ योजना तथा बजेट तयार गर्ने कार्यलाई | बस्तिस्तरका योजना छनौटको माइनुट |

| क सं | अवस्था | प्रासाङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| | कार्यक्रमहरु पहिचान गर्ने गरेको । | | | |
| १.३.२ | नगरपालिकाको क्षमता विकास योजना तयारी भएको तथा कार्यान्वयन भएको । लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एव परीक्षण भएको । | सबल १ | लैससास बजेट परीक्षण वार्षिक रुपमा हरेक आ ब को प्रथम चौमासिकमा गर्नु पर्ने । नगरपालिकाको क्षमता विकास योजना कार्यान्वयन हुनु पर्ने । | वार्षिक विकास कार्यक्रम र लैससास परीक्षण प्रतिवेदन प्रगति प्रतिवेदन |
| १.३.३ | लैससास परीक्षण भएको । वार्षिक नीति तथा कार्यक्रममा लैंगिक तथा समावेशी बिषयमा बजेट बिनियोजन भएको । | सबल १ | लैससास परीक्षण नियमित रुपमा गरी उक्त परीक्षणले औल्याएका सुधारका कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने । | जेसी प्रतिवेदन नीति तथा कार्यक्रम लैङ्गिक मैत्री बनाइएको |
| १.३.४ | स्थानीय तहको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निश्चित प्रतिशत बजेट बिनियोजन गर्ने नीति नभएको । कार्यक्रममा बजेट बिनियोजन गरी सोही आ ब मा कार्यान्वयन भएको । | आंशिक ०.५ | स्थानीय तहको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने ऐन बनाई लागु गर्नु पर्ने । | वार्षिक विकास कार्यक्रम र लैससास परीक्षण प्रतिवेदन प्रगति प्रतिवेदन |
| २ | संस्थागत व्यवस्था | | | |
| २.१ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | | | |
| २.१.१ | स्थानीय तहको निर्णायक तहमा महिलाहरू (पदाधिकारी/कर्मचारी) को कम्तिमा ३३ प्रतिशत प्रतिनिधित्व भएको । | आंशिक ०.५ | नगरपालिकाको निर्णायक तहमा पदाधिकारी र कर्मचारीहरुमा महिलाहरुको समान सहभागिताको लागि नीतिगत व्यवस्था गरी लागु गर्नु पर्ने । | स्थानीय तहको निर्णायक तहमा रहेका (पदाधिकारी/कर्मचारी) को नामावली |
| २.१.२ | नगरपालिकाको नीति तथा कानुनमा कर्मचारी नियुक्ति गर्दा समावेशी कोटा छुट्याईएको । | सबल १ | समवेशिता गर्नु पर्ने । | सेवा करारमा कर्मचारी पदपूर्ती कार्यविधि, २०८० नगर प्रहरी ऐन |

| क्र सं | अवस्था | प्राप्ताङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| २.१.३ | सोधपुछ कक्ष भएको र महिला कर्मचारी रहेको । <br><br> महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली नपाईएको । | सबल १ | महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने नीतिगत व्यवस्था गर्नु पर्ने । | महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली नपाईएको । |
| २.१.४ | स्थानीय स्तरमा सकारात्मक विभेद नीति तयारी र कार्यान्वयन भएको । | सबल १ | नगरपालिकाले स्थानीय स्तरमा सकारात्मक विभेद नीति तयारी र कार्यान्वयन गर्ने । | स्थानीय स्तरमा सकारात्मक विभेद नीति तयारी |
| २.२ | कार्यप्रणाली समावेशी | | | |
| २.२.१ | महिला समानता तथा सामाजिक समावेशीकरण बढाउँनको लागि स्थानीय तहको निश्चित नीति तथा कार्यनीति भएको । | सबल १ | महिला र पुरुष बिचको असमानता हटाउँन तथा सामाजिक समावेशीकरण बढाउँनको लागि स्थानीय तहको निश्चित कार्यनीति कार्यान्वयन गर्नु पर्ने । | **GESI Policy** |
| २.२.२ | लैंगिक विकास डेस्क महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले जिम्मेवारी बहन गरेको ।<br>लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन र परीचालन नभएको । | सबल १ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन र कार्यशर्त र जिम्मेवारी किटान सहित व्यवस्था भएकोले निरन्तरता दिनुपर्ने। | संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लेख भएको। |
| २.२.३ | नगरपालिका स्तरमा महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको । | सबल १ | आचारसंहिताको पूर्ण पालना गर्नु पर्ने। | मिति २०८२-०३-०४ को कार्यपालिका निर्णय असार |

| क्र सं | अवस्था | प्राप्ताङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| २.२.४ | नगरपालिकामा लैससास कार्यान्वयन समिति गठन भएको । वडा तहमा योजन तर्जुमा गर्दा बस्ती भेला भएको । वडामा लक्षित समुदायको सक्रीय सहभागितामा रहेको । | सबल १ | गठित समिति क्रियाशिल हुनुपर्ने। | मिति २०८२-०३-०४ को कार्यपालिका निर्णय असार |
| २.३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | | | |
| २.३.१ | नगरपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहेको । | सबल १ | समावेशी प्रतिनिधित्वलाई निरन्तरता दिनुपर्ने। | विषयगत समिति गठन भएको |
| २.३.२ | समिति उपसमितिहरुमा महिला र बञ्चितिकरणमा परेका समुदायका सदस्यहरुले छलफल र निर्णय प्रक्रियामा स्वस्थ ढंगले भाग लिन पाएको । | सबल १ | निरन्तरता दिनुपर्ने। | विषयगत समितिहरुको माइनुट |
| २.३.३ | समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी मौखिक सुझावको चलन भएको । | आंशिक ०.५ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी बिश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने व्यवस्था गर्नु पर्ने । | समिति, उपसमिति र कार्यदलहरूले दिएका सुझावहरु विश्लेषण सहितको अनुगमन प्रतिवेदन |

| क सं | अवस्था | प्रासाङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| २.३.४ | नीतिगत र कार्यगत सुझाव लिखितरुपमा दिने चलन नभएको कारण उक्त सुझावहरुको कार्यान्वयन सुनिश्चत गर्ने कार्य भएको । | आंशिक ०.५ | समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिईएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन नियमित गर्ने । | समिति, उपसमिति र कार्यदलहरूले दिएका सुझावहरु<br>कार्यान्वयन समीक्षा बैठकको प्रतिवेदन<br>वार्षिक विकास कार्यक्रम<br>प्रगति प्रतिवेदन |
| २.४ | बित्त व्यवस्थापन प्रणालीमा समावेशीता | | | |
| २.४.१ | लैंगिक हिंसा विरुद्ध कोष भएको र कार्यविधि समेत लागु भएको ।<br>महिला विकास,महिला सिप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना भएको । | सबल १ | निरन्तरता दिनुपर्ने। | लैङ्गिक हिंसा निवारण कोष<br>बाल उद्धार कोष<br>एकल महिला कोष<br>मानव बेचबिखन कोष |
| २.४.२ | लक्षित वर्गको सशक्तिकरणको लागि बजेट बिनियोजन भएको पाईएको । | सबल १ | यस कार्यलाई बढाउनुपर्ने । | वार्षिक बजेट |
| २.४.३ | नगरपालिकामा लैंगिक डेस्क र आवश्यक मानव श्रोत व्यवस्था महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट गरिएको । | सबल १ | नगरपालिकामा लैंगिक डेस्क र मानव श्रोत थप व्यवस्थित गर्नु पर्ने । | वार्षिक बजेट<br>संगठन संरचना<br>कर्मचारीको कार्यविवरण |
| २.४.४ | नगरपालिकामा समावेशी सूचना प्रणालीको प्रारम्भ भएको । | सबल १ | यस कार्यलाई बढाउनु पर्ने । | वार्षिक कार्यक्रम<br>वेवसाइट र सामाजिक संजाल |
| २.५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | | | |
| २.५.१ | नगर पार्श्वचित्रमा खण्डीकृत सूचना प्रस्तुत भएको तर यसको | सबल १ | यस कार्यलाई प्रभावकारी बनाउँनु पर्ने । | नगर प्रोफाइल |

| क्र सं | अवस्था | प्राप्ताङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
| --- | --- | --- | --- | --- |
| | वार्षिक रुपमा अध्यावधिक भएको । | | | |
| २.५.२ | नगरपालिकामा गरीबी र बेरोजगारी तथ्याङ्क भएको र नक्साङकन भएको । | सबल १ | निरन्तरता दिनु पर्ने । | नगर प्रोफाइल |
| २.५.३ | नगरपालिकामा आफ्नो पार्श्वचित्रमा आधारित खण्डिकृत तथ्याङ्क र सूचनालाई आधार मानी स्थानीय विकास योजना तर्जुमा गर्ने कार्य भएको छ । | सबल १ | यस कार्यलाई बढाउँनु पर्ने । | आवधिक योजना<br>नगर प्रोफाइल<br>वार्षिक कार्यक्रम पुस्तिका |
| २.५.४ | सामाजिक सूरक्षा लाभग्राही र पञ्जिकरण अध्यावधिक गरेको पाईएको । | सबल १ | यस कार्यलाई निरन्तरता दिने । | प्रणालीको प्रतिवेदन |
| ३. | मानव संसाधन तथा क्षमता विकास | | | |
| ३.१ | मानव संसाधन तथा क्षमता विकास | | | |
| ३.१.१ | लैंगिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार भएको । यसको लागि बजेट बिनियोजन र कार्यान्वयन भएको । | सबल १ | कार्ययोजना अनुसार कार्यक्रमहरुलाई नियमित बजेट व्यवस्थापन हुनुपर्ने। | वार्षिक कार्यक्रम<br>क्षमता विकास योजना<br>कार्यसञ्चालन निर्देशिका |
| ३.१.२ | पदाधिकारी/कर्मचारीहरुले लैंगिक समावेशी विकास र लैंगिक हिंसा सम्बन्धी तालिम लिएको । | सबल १ | | तालिम सम्पन्न प्रतिवेदन<br>सहभागिको विवरण<br>वार्षिक कार्यक्रम |
| ३.१.३ | तालिमका विषयवस्तुको प्रस्तुतिकरणमा लैंगिक समवेदनशिल भाषाको प्रयोग हुने गरेको र महिला सम्वेदनशील सुबिधाको व्यवस्था हुने गरेको । | सबल १ | यस कार्य बढाई नियमित गर्ने । | तालिम सम्पन्न प्रतिवेदन<br>सहभागिको विवरण<br>वार्षिक कार्यक्रम<br>तालिम मूल्याङ्कन प्रतिवेदन |

| क्र सं | अवस्था | प्रासाङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| ३.१.४ | योजनामा महिला तथा लक्षित समुहको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) भएको साथै कार्यान्वयन भएको । | सबल १ | यस कार्यलाई नियमित गर्ने । | तालिम सम्पन्न प्रतिवेदन<br>सहभागिको विवरण<br>वार्षिक कार्यक्रम<br>तालिम मूल्याङ्कन प्रतिवेदन<br>क्षमता विकास योजना |
| ३.१.५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने मानवीय श्रोत भएको । | सबल १ | नगरपालिकाको जनशक्तिबाट व्यवस्थापन भएको | विज्ञको सूची<br>विषयगत तालिम प्राप्त जनशक्ति विवरण |
| ३.१.६ | मानव संसाधन विकास केन्द्रको रुपमा प्रशासन शाखाबाट कार्य सम्पादन भएको। | सबल १ | | संगठन संरचना<br>जनशक्तिको शाखागत विवरण |
| ३.१.७ | महिला र बञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहेको र कार्यान्वयन भएको । | सबल १ | निरन्तरता दिनुपर्ने। | वार्षिक विकास कार्यक्रम<br>कार्यक्रम सम्पन्न प्रतिवेदन<br>सहभागी छनौटका आधारहरु<br>वार्षिक प्रगति प्रतिवेदन |
| ३.१.८ | बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको बारेमा स्थानीय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई अभिमूखिकरण गरेको र निजहरुलाई जानकारी भएको । | सबल १ | पदाधिकारी र कर्मचारीहरुलाई बैईजिङ घोषणापत्र बारेमा अभिमूखिकरण कार्यक्रम नियमित गर्नु पर्ने । | वार्षिक विकास कार्यक्रम<br>कार्यक्रम सम्पन्न प्रतिवेदन<br>वार्षिक प्रगति प्रतिवेदन |
| ३.२ | अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धी जनचेतना | | | |
| ३.२.१ | महिला विरुद्ध सबैखाले हिंसा विरुद्ध कार्यक्रमहरुमा बजेट विनियोजन भई कार्यान्वयन गरेको । | सबल १ | नियमित भएको कुराको सुनिश्चित गर्ने । | वार्षिक विकास कार्यक्रम |

| क सं | अवस्था | प्राप्ताङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| ३.२.२ | लैंगिक हिंसा निवारण सम्बन्धमा नीतिगत व्यवस्था छ । लैंगिक हिंसा रहित नगरपालिका घोषणा नभएको । महिला हिंसा विरुद्ध सुन्य सहनशिलताको अभियान भएको । | आंशिक ०.५ | लैंगिक हिंसा रहित नगरपालिका घोषणाको तयारी प्रारम्भ गर्नु पर्ने । महिला हिंसा विरुद्ध सून्य सहनशिलता नीतिगत रुपमा लागु गर्नु पर्ने । | लैंगिक हिंसा रहित नगरपालिका घोषणाको तयारी प्रारम्भ गर्नु पर्ने । |
| ३.२.३ | राष्ट्रिय महिला अधिकार दिवसका कार्यक्रम गरिएको । १६ दिने अभियान र विशेष बहस भएको । | सबल १ | महिला हिंसा अन्त्यका लागि सचेतनामूलक कार्यक्रमहरु वडागत रुपमा सञ्चालन गर्नु पर्ने । | वार्षिक विकास कार्यकम<br>कार्यक्रम सम्पन्न प्रतिवेदन<br>वार्षिक प्रगति प्रतिवेदन |
| ३.२.४ | स्थानीय तहले समाजमा रहेका विभिन्न सामाजिक कुरीति (जातिगत छुवाछुत,बाल विवाह, बहु विवाह, दाइजो, आदि) हटाउन कार्यकमहरू सञ्चालन गरेको । | सबल १ | नियमित सूचना प्रचार प्रसार गर्दा उपयुक्त हुने । | वार्षिक विकास कार्यक्रम<br>कार्यक्रम सम्पन्न प्रतिवेदन<br>वार्षिक प्रगति प्रतिवेदन |
| ३.३ | कानुनी साक्षरता | | | |
| ३.३.१ | कानुनहरु सम्बन्धी अभिमूखिकरण गरेको । | सबल १ | यस्ता प्रकारका कार्यलाई बढाउँनु र नियमित गर्नु पर्ने । | वार्षिक विकास कार्यक्रम<br>कार्यक्रम सम्पन्न प्रतिवेदन<br>वार्षिक प्रगति प्रतिवेदन<br>सहभागीहरुको विवरण<br>अभिमूखीकरण कार्यक्रमको विषयवस्तु (न्यायिक समिति, प्रशासन, महिला विकास) |
| ३.३.२ | यस्ता विषयहरुमा अभिमूखिकरण भएको । यस सम्बन्धमा बैठकहरुमा छलफल हुने गरेको । | सबल १ | पदाधिकारी र सम्बन्धित कर्मचारीहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया, समस्याहरुको पहिचान र कानुनीरुपमा समाधान सम्बन्धमा | वार्षिक विकास कार्यकम<br>कार्यक्रम सम्पन्न प्रतिवेदन<br>वार्षिक प्रगति प्रतिवेदन<br>सहभागीहरुको विवरण |

| क्र सं | अवस्था | प्रासाङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| | | | अभिमूखिकरण बढाउँनु पर्ने । | अभिमूखीकरण कार्यक्रमको विषयवस्तु |
| ३.३.३ | महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन भएको । | सबल १ | नियमित र अनिवार्य गर्दा राम्रो । | वार्षिक विकास कार्यकम<br>कार्यक्रम सम्पन्न प्रतिवेदन<br>वार्षिक प्रगति प्रतिवेदन<br>सहभागीहरुको विवरण |
| ३.३.४ | कार्यक्रममा सहभागी भएका महिलाहरु लाभान्वित भएका छन् । | आंशिक ०.५ | लाभ मापन गर्नु पर्ने । अनुगम तथा मुल्याङकन लाई बढाउँनु पर्ने । | तालीम पूर्वको परीक्षा (pre test) र<br>तालीम पश्चात परीक्षा (post test)<br>प्रतिवेदन<br>वार्षिक विकास कार्यकम<br>तालिम सम्पन्न प्रतिवेदन<br>वार्षिक प्रगति प्रतिवेदन<br>सहभागीहरुको विवरण<br>अनुशिक्षण कार्यक्रमको विषयवस्तु |
| ३.४ | विपद व्यवस्थापनमा समावेशीकरण | | | |
| ३.४.१ | यसको कार्यविधि बनाउँदा सबै सरोकारवाला पक्षहरुसँग आवश्यकतानुसार सरसल्लाह भएको । | आंशिक ०.५ | कार्यविधि तयार गर्दा सरोकारवालासँग छलफल गरी पारित गर्ने र कार्यान्वयन गर्ने कार्यलाई बढाउनु र निरन्तरता दिने । | विपद व्यवस्थापन सम्बन्धी मापदण्ड,<br>रणनीति, कार्यनीति तथा कार्यविधि<br>परामर्श कार्यकमको उपस्थिति पुस्तिका |

| क्र सं | अवस्था | प्रासाङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| ३.४.२ | विपद सम्बन्धी तथ्याङ्क संकलन नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वितहरुको समग्र रुपमा तथ्याङ्क संकलन र आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने गरेको । | आंशिक ०.५ | यसलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने । | स्थानीयतहको विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरण सम्बन्धी दस्तावेज<br><br>विपत प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायको खण्डीकृत तथ्याङ्क विवरण तथा नक्शांकन<br><br>आपतकालीन कार्य सञ्चालन तथा राहत वितरणको सूची। |
| ३.४.३ | विपद व्यवस्थापन सम्बन्धी कार्य गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्य भएको छ । | आंशिक ०.५ | यस कार्यमा महिला र पूरुषहरुलाई समान प्राथमिकताको आधारमा सहभागिता नियमित गराउँनु पर्ने । | प्राथमिकता दिईएका आधारहरु तथा सहभागी विवरण<br><br>विपद प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायको खण्डीकृत तथ्याङ्क विवरण तथा नक्शांकन<br><br>वार्षिक विकास कार्यकम<br><br>वार्षिक प्रगति प्रतिवेदन |
| ३.४.४ | विपद व्यवस्थापन कोषको स्थापना भएको । कोषको सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको । | सबल १ | कोषको सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा भएको सुनिश्चितताका लागि नियमित अनुगमन गर्नु पर्ने । | विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन कार्यविधी<br><br>विपद प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायको खण्डीकृत तथ्याङ्क विवरण तथा नक्शांकन निर्णय पुस्तिका उपस्थिति विवरण |

| क सं | अवस्था | प्रासाङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| ४. | सेवा प्रवाह | | | |
| ४.१ | पूर्वाधार विकास | | | |
| ४.१.१ | हाल नयाँ भवनहरु निर्माण हुदै गरेको र पुरानो भवनहरुमा पनि बालबालिका तथा अपाङ्गता मैत्री भएको । | आंशिक ०.५ | भवन तथा अन्य संरचनाहरुमा लैंगिक, बाल र अपांग मैत्री प्रावधान पूर्णरुपमा लागु गर्नु पर्ने । आवधिक योजना र क्षमता विकास योजनामा यो कुरा उल्लेख गरिएको पाईदैन | लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री/ संबेदनशील संरचनाको स्वीकृत ड्रइड, डिजायन, तथा लागत अनुमान नगरपालिका भवन |
| ४.१.२ | हाल नयाँ भवनहरुमा निर्माण हुदै गरेको र पुराना भवनहरुमा पनि बालबालिका तथा अपाङ्गता मैत्री भएको । | आंशिक ०.५ | नयाँ भवनहरुमा अनिवार्य निर्माण गरी संभव भएसम्म पुराना भवनहरुमा पनि बालमैत्री तथा अपाङ्गतामैत्री बनाउनु पर्ने। | लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री / संबेदनशील संरचनाको स्वीकृत ड्रइड, डिजायन, तथा लागत अनुमान<br><br>संरचनाको कार्यसम्पन्न प्रतिवेदनहरू<br><br>स्थलगत अध्ययन तथा अवलोकन प्रतिवेदन । |
| ४.१.३ | सार्वजनिक भवनहरुमा उक्त किसिमको संरचना बनाउँन निर्देशन दिएको भए तापनि निजी भवनहरुमा निर्देशन दिने नगरिएको । | आंशिक ०.५ | | स्थानीय तहबाट स्वीकृत ड्रइड, डिजाइन, तथा नक्शा<br><br>भवन तथा पूर्वाधार निर्माण सम्पन्न सम्बन्धी स्थलगत अध्ययन तथा अवलोकन प्रतिवेदन |

| क्र सं | अवस्था | प्राप्ताङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| ४.१.४ | स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलबिद्युत, विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरु रहेको । | आंशिक ०.५ | यसलाई बढाउँनु पर्ने । | प्रोत्साहन गर्ने नीति तथा आयोजनाहरू<br><br>वार्षिक विकास कार्यक्रम तथा प्रगति विवरण<br><br>स्थलगत अध्ययन तथा अवलोकन प्रतिवेदन |
| ४.२ | प्रजनन स्वास्थ्य | | | |
| ४.२.१ | नगरपालिकाको नीति र कार्यक्रममा गर्भवती महिलालाई विशेष हेरचाह गर्ने सम्बन्धी व्यवस्था भएको । तर गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउँने सम्बन्धी व्यवस्था चाही नभएको । | सबल १ | नियमित गर्ने । | प्रजनन् स्वास्थ्य सम्बन्धी स्वीकृत वार्षिक नीति र कार्यकम<br><br>अध्ययन तथा अनुगमन प्रतिवेदन |
| ४.२.२ | नगरपालिकाको कार्यालय, बिद्यालय, अस्पताल र स्वास्थ्य चौकीमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था भएको । | सबल १ | निरन्तर गर्ने । | अलग्गै स्तनपान कक्षको व्यवस्था<br><br>स्तनपान कक्ष सञ्चालन सम्बन्धी निर्णय<br><br>शाखागत कार्य विवरण<br><br>अनुगमन प्रतिवेदन |
| ४.२.३ | सबै वडाहरुमा स्वास्थ्य केन्द्र स्थापना गरी सेवा प्रवाह गरिएको । | सबल १ | सेवा प्रभाव प्रभावकारीता अनुगमन नियमित गर्नु पर्ने । | वार्षिक विकास कार्यक्रम<br><br>प्रगति प्रतिवेदन<br><br>सम्पन्न कार्यकम संख्या, पटक तथा सहभागी संख्या, कार्यक्रम सञ्चालन स्थल समेत देखिने गरि तयार गरेको कार्य सम्पन्न प्रतिवेदन |

| क सं | अवस्था | प्राप्ताङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| ४.२.४ | नगरपालिकाबाट सम्पूर्ण नगरबासीहरुको बीमा प्रिमियममा ५०% अनुदान प्रदान गरिएको । | सबल १ | नियमित गर्दै कार्यक्रम बढाउदै लग्नुपर्ने । | आवधिक तथा वार्षिक नीति तथा कार्यक्रम<br>वार्षिक विकास कार्यक्रम<br>वार्षिक प्रगति प्रतिवेदन |
| ४.३ | शिक्षा कार्यक्रम | | | |
| ४.३.१ | विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्नाको लागि घरदैलो कार्यक्रम प्रचार प्रसार, सूचना प्रवाह गरिएको । | सबल १ | नियमित गर्ने । | विद्यालयमा भर्ना गराउने सम्बन्धी निर्णय<br>विद्यालय जाने उमेर समुहगत विद्यार्थी भर्ना दर<br>अध्ययन प्रतिवेदन |
| ४.३.२ | बालबालिकालाई दिवा खाजा तथा आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका तथा लक्षित समुदायका बालबालिकाहरुलाई निशुल्क पाठ्य पुस्तक र शैक्षिक सामाग्री तथा पोशाक उपलब्ध गराउने व्यवस्था भएको । | सबल १ | बढाउने र नियमित गर्ने । | वार्षिक विकास कार्यक्रम<br>कार्यक्रम सञ्चालन निर्देशिका<br>बालबालिक छनौटका आधारहरु तथा निर्णय<br>कार्य सम्पन्न प्रतिवेदन |
| ४.३.३ | अनौपचारिक शिक्षा कार्यक्रम लागु गराई साक्षर जिल्ला घोषणा भएको । | सबल १ | नियमित गर्ने । | स्वीकृत आवधिक तथा वार्षिक नीति तथा कार्यक्रम<br>वार्षिक विकास कार्यक्रम<br>प्रगति विवरण<br>कार्यक्रम सम्पन्न प्रतिवेदन<br>निरक्षर महिला सम्बन्धी अभिलेख, सहभागी |
| ४.३.४ | विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किशोरीहरुको लागि प्याडको व्यवस्था भएको ।<br>बालबालिकालाई यौनशिक्षा कार्यक्रम भएको । | सबल १ | सबै बिद्यालयमा बालबालिकालाई यौनशिक्षा कार्यक्रम कार्यान्वयन निरन्तर गर्नु पर्ने । | वार्षिक नीति तथा योजना र सम्वद्ध निर्णयहरु<br>विद्यालयको वार्षिक योजना<br>स्थलगत अनुगमन प्रतिवेदन<br>कार्य सम्पन्न प्रतिवेदन |

| क्र सं | अवस्था | प्राप्ताङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| ४.४ | खानेपानी तथा सरसफाई | | | |
| ४.४.१ | नगरपालिकामा सफा पिउँने पानी, सफासँग हात धुने व्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको व्यवस्था र स्यानिटाईजरको उपयोग गर्ने प्रबन्ध भएको । | सबल १ | नियमित गर्ने । | वार्षिक नीति तथा योजना र सम्वद्ध निर्णयहरु<br><br>वार्षिक विकास कार्यक्रम र प्रगति विवरण<br><br>स्थलगत अनुगमन प्रतिवेदन<br><br>कार्य सम्पन्न प्रतिवेदन |
| ४.४.२ | नगरपालिका खुला दिशामूक्त घोषणा भएको<br>करीब ९० प्रतिशत घरधुरीलाई खानेपानी पुगेको एक घर एक धारा तथा शौचालयको व्यवस्था भएको । | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने । | वार्षिक नीति तथा योजना र सम्वद्ध निर्णयहरु<br><br>वार्षिक विकास कार्यक्रम र प्रगति विवरण<br><br>स्थलगत अनुगमन प्रतिवेदन<br><br>कार्य सम्पन्न प्रतिवेदन<br><br>उपभोक्ता समिति गठन सम्बन्धी निर्णय र सोमा महिलाहरुको सहभागिताको अवस्था, आदि। |
| ४.४.३ | फोहरको वर्गिकरण गरी बिसर्जन गर्ने गरिएको<br>प्राङ्गारिक मलको उत्पादन सम्बन्धी तालिम दिने गरिएको । | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने । | |
| ४.४.४ | सफा पानीको सहज व्यवस्था रहेको ।<br>परम्परागत कुवाहरुको संरक्षण कार्य भएको । | सबल १ | परम्परागत कुवा र ईनारहरु भएमा यसको संरक्षण सुनिश्चित गर्नु । | |
| ४.५ | स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन | | | |
| ४.५.१ | हरेक वार्षिक बजेट विनियोजन गर्दा बेरोजगार र गरीबीको | सबल १ | उक्त कार्यलाई बढाउनु पर्ने | |

| क सं | अवस्था | प्रासाङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| | तथ्याङ्कलाई आधार लिई कार्यक्रम गरिएको छ । | | | |
| ४.५.२ | महिला र विपन्न परिवारका सदस्यहरुको लागि रोजगारमूलक तथा सिपमूलक कार्यक्रमहरु गरेको । | सबल १ | अनुगमन सहित निरन्तरता दिनुपर्ने। | |
| ४.५.३ | सामाजिक परिचालक तयार गर्ने कार्यक्रम नभएको । महिला स्वास्थ्य स्वयंसेवका आदि परिचालन गरिएको । | सबल १ | ग्रामिण महिला/पुरुष प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिकहरु) र सामाजिक परिचालक तयार गर्ने कार्यक्रम गर्नु पर्ने । | |
| ४.५.४ | गरीब र बञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमूल्य सहकारी पसलहरुको व्यवस्थापनका लागि सहकार्य भएको । | आंशिक ०.५ | विपन्न बर्गहरु लाभान्वित हुने गरी सुपथमूल्यको व्यवस्था गर्नु पर्ने । | |
| ५. | सुशासन तथा उत्तरदायित्व | | | |
| ५.१ | सुशासन | | | |
| ५.१.१ | कार्यपालिका तथा नगरसभाबाट नीति तथा कानुन जारी गरी काम काज गर्ने गरेको । | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने । | |
| ५.१.२ | सबै कार्यक्रम नियमित भएको । | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने । | |
| ५.१.३ | महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको क्षेत्र भित्रका कार्यक्रम तयार गरी कार्यान्वयन भएको । | सबल १ | बेईजिङ घोषणापत्रको स्थानियकरण र कार्यक्रमहरु कार्यान्वयन नियमित गर्नु पर्ने । | |
| ५.१.४ | नगरपालिकामा संयूक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरु लागु भएको । | आंशिक ०.५ | नगरपालिकामा संयूक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरु बनाई लागु गर्नु पर्ने । | |
| ५.२ | उत्तरदायित्व र जवाफदेहिता | | | |

| क सं | अवस्था | प्रासाङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| ५.२.१ | नगरपालिकाले कार्यक्रमको सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्ने गरेको । पत्रकार भेटघाट र सूचना सार्वजनिकीकरण भएको । | सबल १ | यस्ता प्रकारका कार्यक्रमहरुलाई नियमित गर्नु पर्ने । | |
| ५.२.२ | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदिमा लक्षित बर्गको उपस्थिति रहेको । | सबल १ | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदिमा लक्षित वर्गको उपस्थितिलाई निरन्तरता दिनु पर्ने । | |
| ५.२.३ | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित बर्गले गरेको गुनासोको पूर्ण रुपमा सम्बोधन हुने गरेको साथै अघिल्लो सार्वजनिक सुनुवाई समीक्षा समेत गर्ने गरेको। | सबल १ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा बञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायका तर्फबाट प्राप्त सुझावहरुको सम्बोधन गर्ने कार्यमा निरन्तरता दिनु पर्ने। | |
| ५.२.४ | नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको । | सबल १ | यस कार्यलाई प्रभावकारी बनाई लागु गर्नु पर्ने | |
| ५.३ | सूचना तथा सञ्चार | | | |
| ५.३.१ | सबै लक्षित बर्गले थाहा पाउँने गरी सार्वजनिक गर्ने गरेको । | सबल १ | यस कार्यलाई नियमित गर्नु पर्ने । | |
| ५.३.२ | यस कार्यक्रममा बजेट बिनियोजन भएको । स्थानीय भाषाको समस्या नरहेको । | आंशिक ०.५ | यस कार्यलाई नियमित गर्नु पर्ने । | |
| ५.३.३ | लैंगिक हिंसा विरुद्ध, समावेशीता जस्ता बिषयमा सूचना प्रवाह भएको । | सबल १ | आवश्यकताको आंकलन गरी सूचना प्रवाह गर्नु पर्ने । | |

| क्र सं | अवस्था | प्रासाङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| ५.३.४ | महिला बालबालिका सबै जातजातिका विपन्न वर्ग (आदिबासी जनजाति दलित मधेशी मुस्लिम पिछडावर्ग) अपाङ्गता भएको व्यक्तिहरु ज्येष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतना बृद्धि भएको । | आंशिक ०.५ | महिला, बालबालिका र सबै लक्षित बर्गको लागि सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रम अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने । | |
| ५.४ | अनुगमन र मूल्याङ्कन | | | |
| ५.४.१ | नगरपालिकाका कार्यक्रम तथा परीयोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको । | आंशिक ०.५ | नगरपालिकाका कार्यक्रम तथा परीयोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पूर्ण लाभ प्राप्ति गरेको सुनिश्चित गर्न नियमित अनुगमन गर्ने साथै अनुगमनमा सूचकहरु पनि समावेश गर्ने । | |
| ५.४.२ | कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन र सो कार्यमा लैससास दृष्टिकोणको प्रयोग गरिएको । कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ असर र प्रभाव बिश्लेषण गर्ने गरेको । | आंशिक ०.५ | अनुगमन तथा मूल्याङ्कन गर्दा अनिवार्य लैससास दृष्टिकोणको प्रयोग गर्नु पर्ने । | |
| ५.४.३ | समिक्षा बैठकमा महिला, बालबालिका, विपन्न बर्ग लक्षित कार्यक्रममाथि छलफल गर्ने गरेको । | आंशिक ०.५ | यस कार्यलाई बनाउँनु पर्ने । | |
| ५.४.४ | अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा प्रयोग भएको। | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने । | |
| ५.५ | समन्वय र सम्बन्ध विस्तार | | | |

| क सं | अवस्था | प्रासाङ्क | सुधार गर्नु पर्ने पक्षहरु | कैफियत |
|---|---|---|---|---|
| ५.५.१ | स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेको नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको । | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने । | |
| ५.५.२ | लैससास विकासको लागि सञ्जाल गठन भई काम भएको । | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने । | |
| ५.५.३ | सञ्जाल, समूह, समिति गठन र तालिम जस्ता कार्य भएको छ । | सबल १ | उक्त कार्यलाई निरन्तरता दिने । | |
| ५.५.४ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसङ्घीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम बिनियोजन तथा कार्यान्वयन गर्ने गरेको । | आंशिक ०.५ | उक्त कार्यलाई बढाउनु पर्ने । | |

३.४ अवसर र चुनौतिहरु

यस नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्दा देहायका अवसर र चुनौतिहरु रहेको अवगत भएको छः

३.४.१ अवसरहरु

क) लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवधारणालाई नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य सङ्घीय तथा प्रादेशका नीति र कानुनहरुले आत्मसात गरी कानुन लागु गरेको।

ख) स्थानीय नीति, ऐन र कार्यविधिहरु तयारी र लागु गर्ने अधिकार स्थानीय तहलाई भएकोले लैससास विकासका कार्यहरुलाई स्थान र समय सापेक्ष नीति, ऐन र कार्यविधिहरु लागु गर्ने अवसर रहेको।

ग) नगरपालिका श्रोत सम्पन्न भएकोले कार्यक्रमहरुको लागि बजेट व्यवस्था गर्न सहज भएको।

३.४.१ चुनौतिहरु

क) नगरपालिकाको बजेट पुर्वाधार विकासको क्षेत्रमा अलि बढि रहेकोले लैससास क्षेत्रमा एक निश्चित र नियमित प्रतिशत बजेट विनियोजन गर्ने नीति कार्यान्वयन गर्न चुनौति रहेको।

ख) महिला तथा बञ्चितिकरणमा परेका समुदायको लागि टोल वा बस्ती स्तरमा कार्यक्रमहरु लैजानको लागि थप कार्यक्रम बजेटको आवश्यकता देखिएको।

ग) जनप्रतिनिधिहरु र कर्मचारीहरुमा लैससास सम्बन्धीको साझा बुझाई र यसको कार्यान्वयन सम्बन्धमा उत्तिकै सचेतना र क्षमता विकास गर्नु चुनौतिको रुपमा रहेको।

भाग- ४

# निष्कर्ष र सुझावहरु

## ४.१ निष्कर्ष

यस नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणको क्रममा नगरपालिकाले जारी गरेका स्थानीय नीति, ऐन, कार्यविधिहरु तथा अन्य कानुनी व्यवस्थाहरुको अध्ययन, वार्षिक नीति, कार्यक्रम तथा बजेट किताब र आवधिक वार्षिक प्रगति प्रतिवेदनहरुको अध्ययन गरी सहभागितामूलक विधिबाट सबै पदाधिकारी तथा कर्मचारीहरुको संलग्नतामा परीक्षण कार्य सम्पन्न गरिएको थियो। यस क्रममा नगरपालिकाले लैससासको क्षेत्रमा महत्वपूर्ण नीतिगत व्यवस्थाहरु तथा कार्यक्रमहरु कार्यान्वयन गरेको पाईयो। नगरपालिकाले समग्रमा ८६.५ अङ्क हासिल गरेको छ। लैससासको हकमा नगरपालिकाले नीति तथा कानुनहरु लागु गरेको पाईएको छ। लैससास परीक्षणका १०० उपसूचकहरुमा राम्रो प्रगति देखिएका उपसूचकहरुलाई निरन्तरता तथा अध्यावधिक गर्दै लैजानु पर्ने, आंशिक र न्यून प्रगति भएका उपसूचकहरुमा नगरपालिकाले कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसकारण यस प्रतिवेदनमा मार्गदर्शनको रुपमा कार्ययोजना समेत तयार गरी समावेश गरिएको छ। चालु तथा आगामी आर्थिक वर्षहरुमा लैससास परीक्षणले देखाएका क्षेत्रहरु र सुझावहरुलाई कार्यान्वयन गरी लैससासमैत्री नगरपालिकाको रुपमा विकास हुने अपेक्षा गरिएको छ।

## ४.२ सुझावहरु

यस नगरपालिकाको लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण गर्ने क्रममा प्रास भएका तथ्य र तथ्याङ्क तथा अभ्यासहरुको आधारमा देहाय अनुसारका सुझावहरु पेश गरिएको छः

क) नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने कार्यलाई अझ बढी प्रभावकारी बनाउनु पर्ने।

ख) नगरपालिकाले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था विश्लेषणको आधारमा बजेटको निश्चित प्रतिशत विनियोजन गर्ने व्यवस्था गर्नु पर्ने।

ग) दिगो विकास लक्ष्य ५ स्थानीयकरणको नीतिगत निर्णय र कार्यान्वयन गर्नु पर्ने।

घ) नगरपालिकाको क्षमता विकास योजना लैससास अवधारणा सहित तयारी तथा कार्यान्वयन हुनु पर्ने।

ङ) लैससास बजेट परीक्षण नियमित रुपमा गरी उक्त परीक्षणले औंल्याएका सुधारका कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने।

च) नगरपालिकाको निर्णायक तहमा पदाधिकारी र कर्मचारीहरुमा महिलाहरुको समान सहभागिताको लागि नीतिगत व्यवस्था गरी लागु गर्नु पर्ने।

छ) लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरिएको हुँदा सो सम्बन्धी स्पष्ट मापनयोग्य कार्यशर्त र जिम्मेवारी सहित व्यवस्था गर्नु पर्ने।

ज) नगरपालिका स्तरमा महिला हिंसा नियन्त्रणको लागि तयार भएको आचार संहिताको पूर्ण पालना गर्नु पर्ने।

झ) महिला विकास, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि विनियोजन ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गर्नु पर्ने।

ञ) महिला हिंसा विरुद्ध शुन्य सहनशिलता नीतिगत रुपमा लागु गर्नु पर्ने।

ट) बेईजिङ घोषणापत्रको स्थानीयकरण र कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने।

ठ) महिला माथि हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय तहको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुलाई स्थानीयकरण गरी नियमित रकम बिनियोजन तथा कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

## ३.५ लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

तालिका ६ लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

| क्र.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | | | | | | | |
| १ | नीति कानुन र योजना | | | | | | |
| १.१ | नीति कानुन र योजनामा समावेशी सहभागिता | | | | | | |
| १.१.१ | नगरपालिकाको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण गर्ने र परिचालन गर्ने। | नगर प्रमुख प्र.प्र.अ | प्र.प्र.अ | प्रशासन शाखा | आ.व. २०८२/८३ | | ✔ |
| १.१.२ | नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्कोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने। | नगर प्रमुख प्र.प्र.अ र विषयगत शाखा | कार्यपालिका | प्रशासन शाखा | आवश्यकता अनुसार | | ✔ |
| १.१.४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीति तयार गरी लागु गर्ने। | नगर प्रमुख प्र.प्र.अ र विषयगत शाखा | कार्यपालिका | प्र.प्र.अ प्रशासन शाखा | आवश्यकता अनुसार | | ✔ |
| १.१.५ | नगरपालिकाको ऐन नियम तथा कार्यविधिमा महिला तथा लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरु रोक्न बनेका प्रावधानहरुको समीक्षा गरी पुनरावलोकन गर्ने। | नगर प्रमुख प्र.प्र.अ विषयगत शाखा | कार्यपालिका | प्र.प्र.अ प्रशासन शाखा | आवश्यकता अनुसार | | ✔ |

| क्र.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| १.१.७ | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने स्थानीय नीति लागु गर्ने। | प्र.प्र.अ र विषयगत शाखा | | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | | ✔ |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | | | | | | |
| १.२.१ | वार्षिक र आवधिक योजनाका उपलब्धी लक्ष्य अनुसारका कार्यक्रमहरु गर्ने। | योजना शाखा | नगर सभा | प्र.प्र.अ योजना शाखा | आ.व. २०८२/८३ | ✔ | |
| १.२.२ | नगरपालिकाले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका समुहको अवस्था विश्लेषणको आधारमा बजेटको निश्चित बिनियोजन गर्ने। | बजेट सीमा तथा कार्यक्रम तर्जुमा समिति | नगर सभा | प्र.प्र.अ योजना शाखा | आ.व. | ✔ | |
| १.२.३ | योजना तर्जुमा प्रक्रियामा बस्ती स्तरीय भेलाबाट योजना संकलन गर्ने नीतिगत व्यवस्था र कार्यान्वयन नियमित गर्ने। | योजना शाखा | वडा समिति | प्र.प्र.अ योजना शाखा | २०८२/८३ | | ✔ |
| १.२.४ | लैङ्गिक तथा सामाजिक समावेशीकरणको विषयमा सचेतिकरण गरी व्यवहारिक रणनीतिक आवश्यकता पहिचानका साथै योजना तयारी गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | | प्र.प्र.अ योजना शाखा | आ.व. | | ✔ |
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरुको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारक कार्यक्रम तय गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | | प्र.प्र.अ योजना शाखा | २०८२/८३ | ✔ | |

| क्र.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| १.२.६ | दिगो विकास लक्ष्य ५ स्थानीयकरणको नीतिगत निर्णय र कार्यान्वयन गर्ने। | योजना शाखा | | प्र.प्र.अ योजना शाखा | आ.व. | ✔ | |
| १.२.७ | स्थानीय तहको योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुगे नपुगेको मूल्याङ्कन गर्ने। | योजना शाखा | | प्र.प्र.अ योजना शाखा | २०८२/८३ | | ✔ |
| १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | | | | | | |
| १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा पहिले लक्षित वर्गका समूहहरुसँग छलफल गरी समस्याहरु केलाउन र कार्यक्रमहरु पहिचान गर्ने कार्यलाई नियमित गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | | प्र.प्र.अ योजना शाखा | आ.व. २०८२/८३ | | ✔ |
| १.३.२ | लैलसास बजेट परीक्षण वार्षिक रुपमा हरेक आ.व. को प्रथम चौमासिकमा गर्ने। नगरपालिकाको क्षमता विकास योजना तयारी तथा कार्यान्वयन गर्ने। | विषयगत शाखा | | प्र.प्र.अ विषयगत शाखा | हरेक आ.व. मा | ✔ | |
| १.३.३ | लैससास बजेट परीक्षण नियमित रुपमा गरी उक्त परीक्षणले औंल्याएका सुधारका कार्यक्रमहरु कार्यान्वयन गर्ने। | विषयगत शाखा | | प्र.प्र.अ विषयगत शाखा | हरेक आ.व. मा | ✔ | |
| १.३.४ | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने ऐन लागु गर्ने। | विषयगत शाखा | | प्र.प्र.अ योजना शाखा | आ.व. २०८२/८३ | ✔ | |
| २ | संस्थागत व्यवस्था | | | | | | |
| २.१ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | | | | | | |

| क्र.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| २.१.१ | नगरपालिकाको निर्णायक तहमा पदाधिकारी र कर्मचारीहरुमा महिलाहरुको समान सहभागिताको लागि नीतिगत व्यवस्था गरी लागु गर्ने। | नगरपालिका प्रमुख प्र.प्र.अ | नगरसभा र कार्यपालिका | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | | ✔ |
| २.१.२ | समानुपातिक सहभागिताको लागि स्थानीय नीति लागु गर्ने। | नगरपालिका प्रमुख प्र.प्र.अ | नगरसभा | प्र.प्र.अ प्रशासन शाखा | | | ✔ |
| २.१.३ | महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने नीतिगत व्यवस्था लागु गर्ने। | नगरपालिका प्रमुख प्र.प्र.अ | नगरसभा र कार्यपालिका | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | | ✔ |
| २.१.४ | नगरपालिकाले स्थानीय स्तरमा सकरात्मक विभेद नीति तयारी र कार्यान्वयन गर्ने। | नगरपालिका प्रमुख, प्र.प्र.अ | नगरसभा र कार्यपालिका | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | ✔ | |
| २.२ | कार्यप्रणाली समावेशी | | | | | | |
| २.२.१ | लैससास स्थानीय कार्यनीति तयारी र कार्यान्वयन गर्ने। | नगरपालिका प्रमुख प्र.प्र.अ विषयगत शाखा | नगरपालिका प्रमुख, प्र.प्र.अ | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | ✔ | |
| २.२.२ | लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन र कार्यशर्त र जिम्मेवारी किटान सहित व्यवस्था गर्ने। | नगरपालिका प्रमुख प्र.प्र.अ विषयगत शाखा | नगरपालिका प्रमुख, प्र.प्र.अ | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | | ✔ |

| क.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| २.२.३ | नगरपालिका स्तरमा महिला हिंसा नियन्त्रणको लागि आचारसंहिता बनाएर लागु गर्ने। | नगरपालिका प्रमुख प्र.प्र.अ विषयगत शाखा | नगरपालिका प्रमुख, प्र.प्र.अ | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | | ✔ |
| २.२.४ | नगरपालिकामा लैससास कार्यान्वियन समिति गठन गरी परिचालन गर्ने। | नगरपालिका प्रमुख प्र.प्र.अ विषयगत शाखा | नगरपालिका प्रमुख, प्र.प्र.अ | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | | ✔ |
| २.३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | | | | | | |
| २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने व्यवस्था लागु गर्ने। | नगरपालिका प्रमुख प्र.प्र.अ विषयगत शाखा | नगरपालिका प्रमुख प्र.प्र.अ | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | | ✔ |
| २.३.४ | समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी दिईएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वियन गर्ने। | नगरपालिका प्रमुख प्र.प्र.अ विषयगत शाखा | नगरपालिका प्रमुख प्र.प्र.अ | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | | ✔ |
| २.४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | | | | | | |

| क.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| २.४.१ | महिला विकास, महिला सिप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक विनियोजन ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गर्नु पर्ने। | नगरपालिका प्रमुख प्र.प्र.अ विषयगत शाखा | नगर सभा | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | ✔ | |
| २.४.३ | नगरपालिकामा लैङ्गिक डेस्क र आवश्यक मानव श्रोत थप व्यवस्था गर्ने। | नगरपालिका प्रमुख प्र.प्र.अ विषयगत शाखा | नगरपालिका प्रमुख प्र.प्र.अ | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | ✔ | |
| २.५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | | | | | | |
| २.५.२ | नगरपालिकामा गरीबी र बेरोजगारी तथ्याङ्क र नक्साङ्कन गरी हरेक आ.व. मा अध्यावधिक गर्ने। | सूचना शाखा | नगरपालिका प्रमुख, प्र.प्र.अ | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | ✔ | |
| ३ | मानव संसाधन तथा क्षमता विकास | | | | | | |
| ३.१ | मानव संसाधन तथा क्षमता विकास | | | | | | |
| ३.१.१ | लैङ्गिक तथा समावेशी विकासको क्षमता विकास कार्ययोजना तयारी तथा लागु गर्ने। | विषयगत शाखा | | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | निरन्तर | ✔ | |
| ३.१.२ | लैङ्गिक समावेशी विकास र लैङ्गिक हिंसा सम्बन्धी तालिमलाई नियमित गर्ने समान सहभागिताको सुनिश्चितता गर्ने। | प्र.प्र.अ | कार्यपालिका र प्र.प्र.अ | | निरन्तर | | ✔ |
| ३.१.५ | नगरपालिकामा लैससासको क्षेत्रमा तालिम दिन मानव श्रोत थप गर्ने। | विषयगत शाखा | नगर सभा | विषयगत शाखा | निरन्तर | ✔ | |

| क्र.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| ३.१.७ | महिला र बञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम नियमित गर्ने। | प्रशासन शाखा | | प्र.प्र.अ विषयगत शाखा | निरन्तर | ✔ | |
| ३.१.८ | पदाधिकारी र कर्मचारीहरुलाई बैईजिङ घोषणापत्र बारेमा अभिमुखिकरण कार्यक्रम निरन्तरता दिने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | | प्र.प्र.अ विषयगत शाखा | निरन्तर | | ✔ |
| ३.२ | अनौपचारिक मूल्य मान्यता र कुसँस्कार सम्बन्धी जनचेतना | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | | | | | ✔ |
| ३.२.१ | महिला विरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरुमा बजेट विनियोजन र कार्यान्वयन निरन्तर गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | नगर सभा र प्र.प्र.अ | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | निरन्तर | ✔ | |
| ३.२.२ | लैङ्गिक हिंसा रहित नगरपालिका घोषणाको तयारी प्रारम्भ गर्ने।<br>महिला हिंसा विरुद्ध सून्य सहनशिलता नीतिगत रुपमा लागु गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | कार्यपालिका | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | आ.व. २०८२/८३ | | ✔ |

| क्र.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| ३.२.३ | महिला हिंसा निर्मूल गर्ने सचेतनामूलक कार्यक्रमहरु वडागत रुपमा सञ्चालन गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | वडा समिति | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | निरन्तर | ✔ | |
| ३.२.४ | सामाजिक कुरीति हटाउने सचेतनामूलक कार्यक्रमहरु वडागत रुपमा सञ्चालन गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | वडा समिति | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | निरन्तर | ✔ | |
| ३.३ | कानुनी साक्षरता | | | | | | |
| ३.३.२ | पदाधिकारी र सम्बन्धित कर्मचारीहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया, समस्याहरुको पहिचान र कानुनी रुपमा समाधान सम्बन्धमा अभिमुखिकरण गर्ने। | कानुन शाखा | प्र.प्र.अ | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | निरन्तर | | ✔ |
| ३.३.३ | महिलाहरुलाई कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु निरन्तर गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | प्र.प्र.अ | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | निरन्तर | ✔ | |
| ३.३.४ | वडा र बस्ती तहमा महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु निरन्तर गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ | प्र.प्र.अ | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | निरन्तर | ✔ | |

| क्र.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | | नागरिक शाखा | | | | | |
| ३.४ | विपद् व्यवस्थापन समावेशिकरण | | | | | | |
| ३.४.१ | कार्यविधि तयार गर्दा सरोकारवालसँग छलफल गरी पारित गर्ने र कार्यान्वियन गर्ने कार्य निरन्तर गर्ने। | विधायन समिति | कार्यपालिका | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | निरन्तर | | ✔ |
| ३.४.२ | विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वितहरुको समग्र रुपमा तथ्याङ्क सङ्कलन र आपतकालिन कार्य सञ्चालन तथा राहत वितरण गर्ने। | विषयगत शाखा | प्र.प्र.अ | | | ✔ | |
| ३.४.३ | यस कार्यमा महिला र पुरूषहरुलाई समान प्राथमिकताको आधारमा सहभागिता नियमित गराउने। | विषयगत शाखा | प्र.प्र.अ | | निरन्तर | | ✔ |
| ३.४.४ | कोषको सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने व्यवस्था लागु गर्ने। | विषयगत शाखा | प्र.प्र.अ | प्र.प्र.अ विषयगत शाखा | निरन्तर | | ✔ |
| ४ | सेवा प्रवाह | | | | | | |
| ४.१ | पूर्वाधार विकास | | | | | | |
| ४.१.१ | भवन तथा अन्य संरचनाहरुमा लैङ्गिक, बाल र अपाङ्ग मैत्री प्रावधान पूर्णरुपमा लागु गर्ने। | पूर्वाधार शाखा | प्र.प्र.अ | प्र.प्र.अ पूर्वाधार शाखा | आ.व. २०८२/८३ | | ✔ |
| ४.१.२ | भवन तथा अन्य संरचनाहरुमा लैङ्गिक, बाल र अपाङ्ग मैत्री प्रावधान पूर्णरुपमा लागु गर्ने। | पूर्वाधार शाखा | | प्र.प्र.अ पूर्वाधार शाखा | आ.व. २०८२/८३ | | ✔ |

| क.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| ४.१.३ | सार्वजनिक भवनहरुमा उक्त किसिमको संरचना बनाउन निर्देशन दिएको भए तापनि निजी भवनहरु निर्देशन दिने | पूर्वाधार शाखा | प्र.प्र.अ | प्र.प्र.अ पूर्वाधार शाखा | आ.व. २०८२/८३ | | ✔ |
| ४.१.४ | नगरपालिकाले परम्परागत तथा आधुनिक उर्जाको प्रयोगमा प्रोत्साहन कार्य सबै नगरबासीको लागि कार्यान्वियन गर्ने र महिला तथा विपन्न समुदायको लागि यो कार्यक्रम विशेष प्राथमिकता साथ लैजाने। | विपद तथा वातावरण शाखा | नगर सभा कार्यपालिका | प्र.प्र.अ वातावरण शाखा | निरन्तर | ✔ | |
| ४.२ | प्रजनन स्वास्थ्य | | | | | | |
| ४.२.१ | गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने सम्बन्धी व्यवस्था गर्ने। | विषयगत शाखा | कार्यपालिका | प्र.प्र.अ म बा शाखा | आ.व. २०८२/८३ | | ✔ |
| ४.२.२ | नगरपालिकाको सबै कार्यालयहरु र सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानको लागि अलग्गै कक्ष र बच्चाको आमालाई उक्त समय दिने व्यवस्था अझ व्यवस्थित गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | नगरपालिका प्रमुख प्र.प्र.अ | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | आ.व. २०८२/८३ | | ✔ |
| ४.२.४ | नगरपालिकाबाट महिला र विपन्न वर्गको स्वास्थ्य बीमामा सहजिकरण र सहयोग कार्यहरु नरन्तर गर्ने। | स्वास्थ्य शाखा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | नगरपालिका प्रमुख प्र.प्र.अ | प्र.प्र.अ योजना शाखा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | आ.व. २०८२/८३ | | ✔ |
| ४.३ | शिक्षा कार्यक्रम | | | | | | |

| क.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| ४.३.४ | सबै विद्यालयमा बालबालिकलाई यौन शिक्षा कार्यक्रम कार्यान्वयन निरन्तर गर्ने। | शिक्षा शाखा | प्र.प्र.अ | प्र.प्र.अ योजना शाखा शिक्षा शाखा | आ.व. २०८२/८३ | ✔ | |
| ४.४ | खानेपानी तथा सरसफाई | | | | | | |
| ४.४.४ | परम्परागत कुवा र ईनारहरुको संरक्षण बढाउने। | विषयगत शाखा | नगर सभा | | | | ✔ |
| ४.५ | स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन | विषयगत शाखा | नगर सभा | | | | |
| ४.५.२ | नगरपालिकाले महिला र विपन्न वर्गको लागि रोजगारमूलक, सिपमूलक र आय आर्जनका कार्यक्रमहरु गर्ने। | विषयगत शाखा र महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | | प्र.प्र.अ | आ.व. २०८२/८३ | ✔ | |
| ४.५.३ | ग्रामिण महिला/पुरुष प्राविधिकहरु(पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिकहरु) र सामाजिक परिचालक तयार गर्ने कार्यक्रम गर्ने। | विषयगत शाखा र महिला शाखा | नगर सभा | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | आ.व. २०८२/८३ | ✔ | |
| ४.५.४ | विपन्न वर्गहरु लाभान्वित हुने गरी सुपथमूल्य सहकारीहरु सञ्चालन गर्ने। | सहकारी शाखा | नगर सभा र नगर प्रमुख | प्र.प्र.अ योजना शाखा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | आ.व. २०८२/८३ | | ✔ |

| क्र.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| ५ | सुशासन तथा उत्तरदायित्व | | | | | | |
| ५.१ | सुशासन | | | | | | |
| ५.१.२ | भ्रष्टचार विरुद्ध नीति तथा कार्यक्रम ल्याउने। | नगपालिका प्रमुख प्र.प्र.अ | नगर सभा | प्र.प्र.अ प्रशासन शाखा | आ.व. २०८२/८३ | | ✔ |
| ५.१.३ | बेईजिङ घोषणापत्रको स्थानियकरण र कार्यक्रमहरु कार्यान्वय प्रारम्भ गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | प्र.प्र.अ | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | आ.व. २०८२/८३ | ✔ | |
| ५.१.४ | नगरपालिकामा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिवद्धता कार्यान्वयन गर्न कार्यक्रमहरु बनाई लागु गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | नगर सभा | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा सूचना शाखा | आ.व. २०८२/८३ | | ✔ |
| ५.२ | उत्तरदायित्व र जवाफदेहिता | | | | | | |
| ५.२.२ | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदिमा लक्षित वर्गको उपस्थितलाई निरन्तरता दिने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | प्र.प्र.अ र वडा समिति | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा सूचना शाखा | आ.व. २०८२/८३ | | ✔ |
| ५.२.३ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण | महिला बालबालिका तथा ज्येष्ठ | प्र.प्र.अ | प्र.प्र.अ | आ.व. २०८२/८३ | | ✔ |

| क्र.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | कार्यक्रममा बञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायका तर्फबाट प्राप्त सुझावहरुको सम्बोधन गर्ने कार्यमा निरन्तरता दिने। | नागरिक शाखा | | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | | | |
| ५.३ | सूचना तथा सञ्चार | | | | | | |
| ५.३.२ | यस कार्यक्रममा बजेट विनियोजन भएको र स्थानीय भाषाको समस्या नरहेको | प्रशासन तथा सूचना शाखा | प्र.प्र.अ | प्र.प्र.अ प्रशासन तथा सूचना शाखा | आ.व. २०८२/८३ | | ✔ |
| ५.३.४ | महिला, बालबालिका र सबै लक्षित वर्गको लागि सूचना शिक्षा र सञ्चार सम्बन्धी कार्यक्रम अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | प्रशासन तथा सूचना शाखा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | प्र.प्र.अ | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा सूचना शाखा | आ.व. २०८२/८३ | | ✔ |
| ५.४ | अनुगमन र मूल्याङ्कन | | | | | | |
| ५.४.१ | नगरपालिका कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पूर्ण लाभ प्राप्तिको लागि अनुगमन गर्ने। | योजना शाखा र सूचना शाखा | अनुगमन तथ सहजीकरण समिति | प्र.प्र.अ योजना शाखा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | आ.व. २०८२/८३ | | ✔ |

| क्र.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| ५.४.२ | नगरपालिकाका कार्यक्रम तथा परियोजना कार्यानिवयनबाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको | योजना शाखा र सूचना शाखा | प्र.प्र.अ | प्र.प्र.अ योजना शाखा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | आ.व. २०८२/८३ | | ✔ |
| ५.४.३ | समीक्षा बैठकमा महिला, बालबालिका, विपन्न वर्ग लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेको | योजना र सूचना शाखा | प्र.प्र.अ | प्र.प्र.अ योजना शाखा र सूचना शाखा | असार मसान्त आ.व. २०८२/८३ | | ✔ |
| ५.४.४ | अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरुको लिखित प्रतिवेदन तयार गर्ने र कार्यक्रम वा योजना तयार गर्दा पूर्णरुपमा उपयोग गर्ने। | योजना र सूचना शाखा | प्र.प्र.अ | प्र.प्र.अ योजना शाखा र सूचना शाखा | असार मसान्त आ.व. २०८२/८३ | | ✔ |
| ५.५ | समन्वय र सम्बन्ध बिस्तार | | | | | | |
| ५.५.२ | लैससास विकासको लागि सम्बन्धित निकायहरु बिच सञ्जाल सदस्य बनी प्रारम्भ गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | प्र.प्र.अ | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | आ.व. २०८२/८३ | | ✔ |
| ५.५.३ | लैससास विकासको लागि सम्बन्धित निकायहरु बिच सञ्जाल गठन गरी क्षमता विकास तालिमहरु सञ्चालन गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | नगर प्रमुख र प्र.प्र.अ | प्र.प्र.अ महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | आ.व. २०८२/८३ | ✔ | |
| ५.५.४ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको | योजना शाखा | नगर प्रमुख, प्र.प्र.अ र | प्र.प्र.अ योजना शाखा | आ.व. २०८२/८३ | ✔ | |

| क.सं. | आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधि | थप आर्थिक दायित्व | |
|---|---|---|---|---|---|---|---|
| | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| | राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसङ्घीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम बिनियोजन तथा कार्यान्वयन गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | बजेट तथा कार्यक्रम तर्जुमा समिति | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | | | |

## लैससास परीक्षणमा भएका सहभागीहरुको अनुसूची